# रोङ गाउँपालिका

# रोङ राजपत्र

खण्डः ..... संख्याः ....... मितिः २०८१ /०७/२०

भाग-२

## मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि २०८१

# रोङ गाउँपालिकामा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) स्थानीय समिति गठन तथा परिचालन सम्बन्धी कार्यविधि २०८१

**प्रस्तावनाः**

मानव बेचबिखन तथा ओसारपसार एक बहुआयामिक, बहुक्षेत्रगत विश्वव्यापी गम्भिर समस्या हो । यस अपराधको जोखिममा जुनसुकै बेलामा जो पनि पर्न सक्छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ लाई प्रभावकारी कार्यान्वयन गर्नका लागि निर्मित मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) (पहिलो संशोधन) नियमावली २०७७ मानव बेचबिखन विरुद्धको स्थानीय  समिति (गठन तथा परिचालन) निर्देशिका २०६५ अनुसार मानव बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्नका लागी केन्द्र देखि स्थानीयतहसम्म समितिहरु गठन तथा परिचालन गर्ने व्यवस्था गरेको छ । यसै ऐन र नियमावली तथा निर्देशिका अनुसार विगतमा केन्द्रीय समिती, जिल्ला समिति र स्थानीय समितिहरु गठन तथा परिचालन गरि रोकथाम, संरक्षण, अभियोजन लगायतका कार्य गर्दै आएको छ । यसै क्रममा समन्वय र सहकार्यलाई पनि उच्च प्राथमिकताका साथै मानव बेचबिखन तथा ओसार पसारलाई नियन्त्रण गर्ने विविध कार्यहरु गरिरहेको छ । यसै अनुसार स्थानीय स्तरमा मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण सम्बन्धी समितिहरुको गठनमा एक रुपता ल्याउन तथा परिचालन गर्ने प्रयोजनका लागि कार्यविधिको आवश्यकतालाई मनन गर्दै गाउँपालिकास्तरीय समितिको गठन तथा काम, कर्तव्य र अधिकार निर्धारणका लागि यो कार्यविधि तयार पारिएको हो ।

नेपालको संविधान २०७२ को भाग ३ को धारा २९ मा उल्लेखित शोषण विरुद्धको हकको उपधारा ३ मा कसैलाई पनि बेचबिखन गर्न, दास वा बधुवा बनाउन पाइने छैन र कसैलाई पनि निजको इच्छा विपरित काममा लगाउन पाइने छैन भनि स्पष्छ उल्लेख गरिएको छ । साथै संघीय राज्यको व्यवस्था मुताविक स्थानीय सरकार संचालन ऐन २०७४ अन्तर्गत स्थानीय तह संचालन हुँदै आइरहेका छन् । उक्त ऐनको दफा १४ मा स्थानीय सरकारले विभिनेन विषयगत समिति उप-समितिहरुको गठन गर्नसक्ने व्यवस्था गरे मुताविक मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण नगरस्तरीय तथा वडा समिति गठन गरिने छ ।

नेपालको संविधान २०७२ को भाग ३ को धारा २९ मा उल्लेखित शोषण विरुद्धको हकको उपधारा ३ मा कसैलाई पनि बेचबिखन गर्न, दास वा बधुवा बनाउन पाइने छैन र कसैलाई पनि निजको इच्छा विपरित काममा लगाउन पाइने छैन भनि स्पष्ट उल्लेख गरिएको छ । साथै संधीय राज्यको व्यवस्था मुताविक स्थानीय सरकार संचालन ऐन २०७४ अन्तर्गत स्थानीय तह संचालन हुँदै आइरहेका छन् । उक्त ऐनको दफा १४ मा स्थानीय सरकारले विभिन्न विषयगत समिति उप-समितिहरुको गठन गर्नसक्ने व्यवस्था गरे मुताविक मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण गाउँपालिका स्तरीय तथा वडा समिति गठन गर्न, कार्यान्वयन गर्न स्थानीय सरकार संचालन ऐन

२०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार अनुसार अनुगमन प्रभावकारी बनाउन वाञ्छनीय भएकोले रोङ गाउँपालिकाले मानव बेचबिखन तथा ओसार पसारनियन्त्रण गठन तथा परिचालन कार्यविधि २०८१ जारी गरेको छ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-** (१) यस कार्यविधिको नाम "मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि २०८१" रहने छ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) **"ऐन"** भन्नाले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन २०६४ सम्झनु पर्दछ। (ख) "नियमावली" भन्नाले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) नियमावली २०६५ (पहिलो संशोधन समेत)सम्झनु पर्दछ।

(ग)**"मन्त्रालय"** भन्नाले नेपाल सरकारको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(घ) **"प्रदेश मन्त्रालय"** भन्नाले कोशी प्रदेश सामाजिक विकास मन्त्रालय सम्झनुपर्छ।

(ङ) **"राष्ट्रिय समिति"** भन्नाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५ को दफा ३ बमोजिमको समिति सम्झनुपर्छ।

(च) **"जिल्ला समिति"** भन्नाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५ को दफा ६ बमोजिमको समिति सम्झनुपर्छ।

(छ) **"स्थानीय तह"** भन्नाले रोङ गाउँपालिका सम्झनु पर्दछ।

(ज) **"वडा कार्यालय"** भन्नाले रोङ गाउँपालिका वडा नं. १ देखि ६ वटै वडा सम्मका सबै वडा कार्यालय सम्झनु पर्दछ।

(झ) **"शाखा"** भन्नाले रोङ गाउँपालिकाको महिला तथा बालबालिका शाखा सम्झनु पर्दछ।

(ञ) **"समिति"** भन्नाले मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण समिति सम्झनु पर्दछ।

(ट) **"गाउँपालिका स्तरीय समिति"** भन्नाले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण रोङ गाउँपालिका स्तरीय समिति सम्झनु पर्दछ ।

(ठ) **"वडा समिति"** भन्नाले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण रोङ गाउँपालिकाका वडा नं. १ देखि ६ वटै वडामा गठित समिति सम्झनु पर्दछ ।

## परिच्छेद - २
## गाउँपालिका स्तरीय समिति गठन

**३. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गाउँपालिका स्तरीय समिति सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।**

(१) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) (पहिलो संशोधन) नियमावली २०७७ र मानव बेचबिखन विरुद्धको स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका २०६५ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४ अनुसार मानव बेचबिखन तथा ओसार गर्ने कार्यलाई नियन्त्रण गर्न र पिडित तथा प्रभावितको संरक्षण र पुनर्स्थापना गर्न देहाय बमोजिमको गाउँपालिका स्तरीय मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) समिति रहनेछ ।

तपशिलः-

(क) गाउँपालिका अध्यक्षः - संयोजक

(ख) न्यायिक समितिको संयोजकः - सदस्य

(ग) सामाजिक विकास समिति संयोजक - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) इलाका प्रहरी कार्यालय प्रमुख - सदस्य

(च) प्रधानाध्यापक वा निजले तोकेको शिक्षक (स्थानीय तह भित्रका सबै भन्दा उच्च तहको कुनै एक विद्यालय) - सदस्य

(छ) शिक्षा शाखा प्रमुख - सदस्य

(ज) स्वास्थ्य शाखा प्रमुख - सदस्य

(झ) रोजगार सेवा तथा सुचना केन्द्र संयोजक - सदस्य

(ञ) गाउँपालिका पत्रकार महासंघ वा प्रतिनिधि/संचारकर्मी - सदस्य

(ट) स्थानीय उद्योग वाणिज्य संघ/होटल व्यवसायी संघ/ टेड्र युनियन प्रतिनिधि - सदस्य

(ठ) गाउँपालिका स्तरीय बाल सञ्जाल प्रतिनिधि - सदस्य

(ड) महिला स्वास्थ्य स्वयम सेविका - सदस्य

(ढ) मानव बेचबिखन तथा ओसार पसार विरुद्धको क्षेत्रमा काम गर्ने गै.स.सं. संस्थाको प्रतिनिधि (२ जना) - सदस्य

(ण) मानव बेचबिखन तथा ओसार पसार पीडित व्यक्तिहरु मध्येबाट सम्बन्धित स्थानीयतहले मनोनीत गरेको १ जना सदस्य - सदस्य

(त) महिला बालबालिका शाखा प्रमुख - सदस्य सचिव

**४.** गाउँपालिका स्तरीय समितिले कानुनी संरचनागत, कार्यविधिगत तथा अन्य आवश्यक विषयमा मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण जिल्ला समिति, प्रदेशको सामाजिक विकास मन्त्रालय, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय लगायत सम्बन्धित निकाय संग समन्वय गर्नेछ।

## परिच्छेद - ३

## गाउँपालिका स्तरीय समितिको काम, कर्तव्य र अधिकार

**५. गाउँपालिका स्तरीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।**

१) मानव बेचबिखन तथा ओसार पसार विरुद्ध स्थानीय अभियान तथा कार्यक्रमहरु सञ्चालन गर्ने।

२) मानव बेचबिखन तथा ओसार पसार सँग सम्बन्धित स्थानीयतहमा लगत तथा अभिलेख अद्यावधिक गर्ने।

३) पिडित सहायताका लागि आवश्यक अन्तर्निकाय तथा अन्तर स्थानीयतह सँग समन्वय तथा सिफारिसको कार्य गर्ने।

४) स्थानीय स्तरमा पीडित सहायता तथा मानव बेचबिखन विरुद्धका कार्यक्रमहरु सञ्चालन गर्न मानव बेचबिखन विरुद्धको कोष स्थापना र सञ्चालन गर्ने।

५) स्थानीय तहमा सभा सदस्य तथा सरोकारवालाहरु मानव बेचबिखनका विविध विषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी सञ्चालन गर्ने ।

६) स्थानीय स्तरका कार्यक्रमहरु सञ्चालन गर्न अन्य सरकारी निकाय, गै.स.स. तथा निजि क्षेत्रसँग सहकार्य र समन्वय गर्ने ।

७) प्रत्येक वडामा वडाअध्यक्ष वा तोकिएको सदस्यको संयोजकत्वमा मानव बेचबिखन विरुद्धको वडास्तरीय समिति गठन र परिचालन तथा सबलीकरण गर्ने ।

८) गाउँपालिकामा रहेका रोजगार प्रवर्द्धन, महिला विकास, बाल अधिकार प्रवर्द्धन, कृषि विकास, पशु विकास वा यस्तै समुदायमा केन्द्रित कार्यक्रमहरुलाई पीडित तथा जोखिम क्षेत्रका बासिन्दाहरुलाई लक्षित गरी सञ्चालन गर्ने ।

९) गाउँपालिका भित्र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि भए गरेका कार्यक्रमहरुको अनुगमन गर्ने, प्रतिवेदन तयार गर्ने र गाउँपालिका समितिमा पठाउने ।

## परिच्छेद - ४
## वडा स्तरीय समिति गठन

**६. मानव बेचबिखन विरुद्धको वडा स्तरीय समितिको गठन देहाय बमोजिम हुनेछ ।**

(१) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४ अनुसार स्थानीय सरकारले विभिन्न विषयगत समिति उप-समितिहरुको गठन गर्न सक्ने व्यवस्था रहेको र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि रोङ गाउँपालिकाले प्रत्येक वडामा देहाय बमोजिमको वडास्तरीय समिति गठन गर्नेछ । वडा समितिमा देहाय बमोजिमका पदाधिकारी रहने व्यवस्था रहेको छ ।

तपशिलः-

(क) वडा अध्यक्ष - संयोजक

(ख) महिला प्रतिनिधि वडास्तरीय महिला सदस्य - सदस्य

(ग) सिमान्तकृत तथा दलित समुदायबाट महिला - सदस्य

(घ) महिला समुह वा किशोरी समुह - सदस्य

(ङ)  वडा स्तरीय बालक्लव/बालसञ्जाल अध्यक्ष - सदस्य

(च) प्रधानाध्यापक वडा भित्रका सबैभन्दा उच्च तहको विद्यालय - सदस्य

(छ) वडा भित्रका स्वास्थ्य सेवा केन्द्र प्रमुख - सदस्य

(ज) स्थानीय प्रहरी कार्यालय - सदस्य

(झ) स्थानीय तहमा क्रियाशील मानव बेचबिखनको क्षेत्रमा काम गर्ने संघ संस्थाका प्रतिनिधि - सदस्य

(ञ) मानव बेचबिखन तथा ओसारपसार पीडित व्यक्तिहरु मध्येबाट सम्बन्धित वडाले मनोनीत गरेको एक जना सदस्य (उपलब्ध भएसम्म) - सदस्य

(ट) वडासचिव – सदस्य सचिव

## परिच्छेद - ५
## वडास्तरीय समितिको काम, कर्तव्य र अधिकार

**७. वडास्तरीय मानव बेचबिखन विरुद्धको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

१) मानव बेचबिखन तथा ओसारपसार विरुद्ध स्थानीय अभियान तथा कार्यक्रमहरु सञ्चालन गर्ने ।

२) आफ्नो कार्यक्षेत्र भित्र पीडितको उद्धार तथा संरक्षणको व्यवस्था गर्दै, पीडित सहायताका लागि आवश्यक अन्तर्निकाय तथा अन्तर स्थानीय तह समन्वय तथा सिफारिसको कार्य गर्ने ।

३) स्थानीय तहमा सभा सदस्य तथा सरोकारवालाहरुमा मानव बेचबिखनका विविध विषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी सञ्चालन गर्ने ।

४) वडाभित्र भए गरेका कार्यक्रमहरुको अनुगमन गर्ने, प्रतिवेदन तयार गर्ने र समितिमा पठाउने

५) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

## परिच्छेद - ६
## स्थानीय समितिको बैठक सम्बन्धी कार्यविधि

**८. स्थानीय समितिको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छ।**

क) समितिको बैठक कम्तिमा वर्षको ६ पटक तथा आवश्यकतानुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

ख) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य-सचिवले बोलाउने छ।

ग) सदस्य-सचिवले समितिको बैठक बस्ने सुचना र छलफल हुने विषयहरुको सूची १ दिन अगावै समितिका सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ।

घ) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पँचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ।

ङ) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

च) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

छ) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवद्धारा प्रमाणित गरिनेछ।

ज) समितिको बैठक तथा सञ्चालन खर्च गाउँपालिकाको नियमानुसार हुनेछ।

झ) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

**९. उपसमिति वा कार्य टोली गठन गर्न सक्ने:**

१) स्थानीय समितिले आफुले गर्नुपर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नको निमित्त उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ।

२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीको काम, कर्तव्य र अधिकार, कार्य प्रकृति अनुसार कामा खटिए वा काम गरे वापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा तथा अन्य कार्यविधि गाउँपालिकाको प्रचलित नियमानुसार समितिले तोकी दिए बमोजिम हुनेछ।

**१०. प्रगति प्रतिवेदन**: १) समितिबाट भए गरेका काम कारबाहीको चौमासिक प्रगति प्रतिवेदन ७ दिन भित्र तथा वार्षिक प्रगति आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र शाखाले गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ। साथै सो प्रतिवेदन राष्ट्रिय समिति तथा प्रदेश र जिल्ला समितिमा पठाउनु पर्नेछ।

## परिच्छेद - ७
## विविध

**११.आधार तथा प्रक्रियाहरु निर्धारण**: समितिले यो कार्यविधिमा उल्लिखित कार्यहरुका अतिरिक्त यो कार्यविधिका व्यवस्थाहरुको कार्यान्वयनका लागि आवश्यक आधार तथा प्रक्रियाहरु निर्धारण गर्न सक्नेछ।

**१२. बाधा, अड्काउ फुकाउने**: यो कार्यविधिको कार्यान्वयनका सिलसिलामा कुनै बाधा, अड्काउ परेमा गाउँकार्यपालिकाले त्यस्तो बाधा, अड्काउ फुकाउन सक्नेछ।